नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु

फोन नं. ०७६-५५०३४७
इमेलः pmamp.piu.kapilvastu@gmail.com
बेभसाइटः www.kapilvastu.pmamp.gov.np

पत्र संख्या : ०८०/०८१
च.नं.: ८०३

मितिः २०८१/०२/०७

विषयः सम्झौता सम्बन्धमा ।

श्री छनौट भएका सेवाग्राही/लाभग्राही सबै

प्रस्तुत विषयमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कपिलबस्तुको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम कार्यान्वयनका लागि मिति २०८१/०२/०४ गते बसेको प्रस्ताव मुल्याँकन समितिको सिफारिस तथा परियोजना कार्यान्वयन एकाइबाट स्वीकृत भएका तपसिलका कृषि समूह/कृषि सहकारी/समिति/निजि उद्यमी आदिको अध्यक्ष/प्रोपराईटर वा आधिकारिक प्रतिनिधि आई आवश्यक कागजातहरु सहित तपसिलको मिति भित्र सम्झौता गर्नुहुन अनुरोध छ ।

तपसिलः-

| क्र.स. | कार्यक्रमको नाम | सम्झौता हुने मिति | कैफियत |
|---|---|---|---|
| १ | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | मिति २०८१/०२/०७ देखि २०८१/०२/१४ गते सम्म | |

आवश्यक कागजातहरु

१. प्रोपराईटर/अध्यक्ष/आधिकारिक ब्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि र हालसालै खिचेको पासपोर्ट साईजको फोटो-१ ।

२. रु. १०/- को टिकट टाँस सहित सम्झौता गरिपाउ भन्ने निवेदन ।

३. समूह/सहकारी/समितिको हकमा कार्यक्रम संचालन सम्बन्धी सम्झौताको जिम्मेवारी सहितको निर्णय ।

४. समूह/सहकारी/समिति/फर्मको दर्ता प्रमाणपत्र तथा पाना नं. को प्रतिलिपि, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

५. जग्गाको सम्बन्धमा -जग्गा समूह/सहकारी/फर्म/कम्पनी/उद्यमी छनौट भएको लाभग्राहीको हुनुपर्ने वा वडा कार्यालयको रोहबरमा कम्तिमा १० बर्षको करारनामा सो अवधि सम्म फिर्ता नलिने र अन्यन्त्र कार्यमा प्रयोग नहुने उल्लेख हुनुपर्ने सहित लालपुर्जाको प्रतिलिपि ।

**६. वडा कार्यालयको चारकिल्ला सहित परियोजनाले स्वीकृत गरेको कार्यक्रम सो स्थानको कित्ता नं..........उपयुक्त रहेको सिफारिस**

७. स्वीकृत कार्यक्रमको अनुमानित ईष्टिमेट तथा स्पेशिफिकेशन कृषि ईन्जिनियरबाट तयार गरि/गराई पेश गर्नुपर्नेछ ।

८. प्रशोधन कार्यको लागि छनौट लाभग्राहीको आफनो उत्पादन को विवरण र अन्य बाट खरिद गर्ने खरिद पुर्व सम्झौता हुनुपर्ने ।

९. परियोजनाले माग गरेको/गर्ने अन्य आवश्यक कागजातहरु पेश नगरे परियोजनाले सम्झौता गर्न बाध्य हुने छैन।

१०. सम्पर्क नम्बर सहित सम्पुर्ण कागजातहरु फाईलिङ्ग गरि पेश गर्ने ।

Shaudhary
2081/2/06
..................
गङ्गाराम चौधरी (कृषि)
वरिष्ठ कृषि अधिकृत